
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १४ गते बिहीबार ❑ 29 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## प्रतिनिधिसभाबाट विनियोजन विधेयक, २०८० बहुमतले पारित

**रासस**
काठमाडौं, १३ असार

'विनियोजन विधेयक, २०८०' बहुमतले पारित भएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले प्रस्तुत गर्नुभएको उक्त विधेयकलाई मत विभाजनमार्फत पारित गरिएको हो । विधेयकको पक्षमा एकसय ४७ र विपक्षमा एकसय आठ मत परेको थियो । सभामुख देवराज घिमिरेले सो संख्या प्रतिनिधिसभामा उपस्थित संख्याको बहुमत भएकाले विनियोजन विधेयक पारित भएको घोषणा गर्नुभयो ।

बुधबारको बैठकमा दुई सय ५५ सांसदको उपस्थिति थियो । त्यसअघि सभामुख घिमिरेले मत विभाजनका लागि पाँच मिनेट जनाउ घण्टी बजाउन सचिवालयलाई निर्देशन दिई आवश्यक प्रक्रिया अगाडि बढाउनुभएको थियो ।

त्यसअघि अर्थमन्त्री डा महतले विनियोजन विधेयक २०८० लाई पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । सभामुख घिमिरेले हुन्छ वा हुँदैन भनी ध्वनि मतका लागि प्रस्ताव गर्नुभएको थियो । उक्त प्रस्तावको पक्षमा बहुमत रहेको भन्दै उहाँले विनियोजन विधेयक २०८० पारित भएको घोषणा गर्नुभएको थियो । त्यसपछि नेकपा (एमाले) का सचेतक महेश बर्तौलाले मत विभाजनको माग गर्नुभएको थियो ।

मत विभाजनको माग भएपछि सभामुखले उक्त प्रक्रिया अगाडि बढाउनुभएको हो ।

## मुख्यमन्त्रीहरुको भेला शुक्रबारदेखि पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

केही समय अघि स्थगित भएको सातै प्रदेशका मुख्यमन्त्रीहरुको भेला शुक्रबार देखि पोखरामा सुरु हुने भएको छ ।

गण्डकी प्रदेश सरकारको आतिथ्यमा शुक्रबार देखि पोखराको ग्राण्ड होटलमा उक्त कार्यक्रम शुभारम्भ हुने भएको प्रदेश सरकारका प्रवक्ता एवं उर्जा जलश्रोत तथा खानेपानी मन्त्री सरस्वती अर्याल तिवारीले बताउनु भयो । गण्डकी प्रदेश सरकारको निमन्त्रणामा सातै प्रदेशका मुख्यमन्त्री, प्रमुख सचिवहरु उक्त भेला सहभागि हुनका लागि पत्रचार समेत गरिएको उहाँले हामीलाई बताउनु भयो । सातै प्रदेशका मुख्यमन्त्रीहरुको बैठक तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको अध्यक्षतामा बस्ने अन्तरप्रदेश समन्वय परिषदको बैठक समेत हुने भएको प्रवक्ता अर्यालले बताउनु भयो । शुक्रबार बिहान करिब ११:०० बजे पछि प्रधानमन्त्री प्रचण्डले उक्त बैठकको औपचारिक रुपमा उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ । शुक्रबार उद्घाटन पश्चात प्रधानमन्त्रीको अध्यक्षमा अन्तरप्रदेश समन्वय परिषदको बैठक बस्ने भएको प्रवक्ता अर्यालले बताइन्। शनिबार प्रदेशका मुख्यमन्त्रीहरु बिचको बैठक तथा छलफल हुने भएको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको बिषेश पहलमा यस अघि जेठ १० गते पोखरामा बस्ने भनिएको मुख्यमन्त्रीहरुको बैठक प्रधानमन्त्री प्रचण्डको व्यस्तताका कारण स्थगित भएको थियो । गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ नेतृत्वले २०७५ साल भदौ २१ गते पोखरामा मुख्यमन्त्रीहरुको बैठक तथा परिषद बैठक समेत आयोजना गरेको थियो ।

## पत्रकार महासंघ कास्कीको 'पत्रकारितामा स्वार्थको टकराव' विषयक कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार




नेपाल पत्रकार महासंघ कास्कीको आयोजनामा 'पत्रकारिता स्वार्थको टकराव' विषयक कार्यशाला सम्पन्न भएको छ । ४७ औं स्थापना दिवसका अवसरमा मंगलबार र बुधबार दुई दिन सम्म चलेको कार्यशालालाई अटवा युनिभर्सिटी क्यानाडाका प्राध्यापक डा. भानुभक्त आचार्य र नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष प्रा.डा. सुरेश आचार्यले सहजीकरण गरे ।

कार्यशालामा सहभागीलाई प्रमाण पत्र प्रदान गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले अहम अहंकारलाई त्याग्दै सिक्ने प्रक्रियालाई अगाडि बढाउनुपर्ने आवश्यकतालाई औंल्याएका छन् । उनले फेक समाचारले समाजमा असर परेको बताए । समाचारमा विश्वसनियता हुनुपर्ने धारणा मेयर आचार्यको छ। शुद्धिकरण पत्रकारिता मात्र नभई हरेक क्षेत्रमा आवश्यक रहेको उनले बताए । पोखराको पत्रकारितालाई माथि उठाउन महानगर प्रतिबद्ध रहेको भनाई उनको छ ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष डा. सुरेश आचार्यले सुचना प्रविधि तीव्र गतिमा अगाडि बढ्दा हामी पछि पर्ने डर भएको उल्लेख गरे । उनले सिकाई कहिल्यै नसकिने र पत्रकारिताको क्षेत्र व्यापक रहेको बताए । पत्रकारितामा अझै पनि समेट्नुपर्ने विषय नसमेटिएको भनाई उनको छ । लोकल मिडियाहरुले लोकल विषयलाई उठाउनुपर्ने धारणा उनले राखेका छन् । पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदीले गण्डकीका पत्रकारको शुद्धिकरण केन्द्रको मापदण्ड अनुसार नै गरिने बताए । व्यवसायिक पत्रकारितालाई मर्यादित बनाउनुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले पत्रकार महासंघ कास्की गरिमा बोकेको संस्था भएको र यसलाई उचो गराउने गरी आफु नेतृत्वको टीम लागिरहेको बताइन् । पत्रकारिता क्षेत्रमा विश्वसनियता बढाउन सिकाई


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## 'मन्त्रीमुखी' बजेटले प्रदेशभरका जनता खुसी हुन सक्दैनन् : सांसद केसी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

गण्डकी प्रदेश सभा सदस्य प्रकाशबहादुर केसीले आगामी आर्थिक वर्षको वार्षिक विकास पुस्तिका हेर्दा मन्त्रीको निर्वाचन क्षेत्रबाहेक अरु ठाउँका जनता खुसी हुने अवस्था नरहेको बताएका छन् ।

मुख्यमन्त्री कार्यालय, आर्थिक मामिला मन्त्रालय, प्रतिष्ठानलगायतको आगामी आर्थिक वर्षको बजेटमाथि बुधबार आफ्नो धारणा राख्दै एमाले सांसद केसीले बजेट 'मन्त्रीमुखी' भएको टिप्पणी गरे । 'मन्त्री ज्यूका जिल्लाको निर्वाचन क्षेत्रबाहेक अरु जिल्लाका जनता खुसी हुने अवस्था रहेन । कास्कीलगायत अन्य मन्त्री नभएका जिल्ला त हेरेको हैरै हुने अवस्था देखियो,' उनले भने, 'योजनाहरु मन्त्री केन्द्रीत मात्र भो जनता केन्द्रीत र सन्तुलन हुन सकेन ।' उनले एकै ठाउँमा मात्र बजेट केन्द्रीत गर्दा प्रदेश संरचनाको औचित्य पुष्टि नहुने बताए । 'मनाङ र मुस्ताङमा जोड्दा जति बजेट परेको छ त्योभन्दा १० करोड रुपैयाँ बढी म्याग्दीमा छ । अनि कसरी समान विकास हुन्छ ?' सांसद केसीले अर्थमन्त्रीलाई प्रश्न गरे । स्थानिय तहका जनप्रतिनिधिले सिफारिस गरी पठाएको योजना बजेटमा समावेश नगरिएको उनले बताए । दीगो प्रकृतिको विकास हुने गरेर बजेट नआएको उनले दाबी गरे । 'बजेट विनियोजन गर्दा भूगोलअनुसार सन्तुलित भएको देखिएन,' सांसद केसीले भने, 'प्रदेशको क्षेत्र अधिकार थाहा नपाई योजना राखिएको जस्तो देखिन्छ । भुगोल नै नबुझ्ने कार्यकर्ताबाट आएको चिटका आधारमा योजना हो भन्ने प्रष्ट देखिन्छ ।' फुटसल, स्वीमुङ पुलजस्ता खेलकुदसँग सम्बन्धित क्षेत्रमा मनोरञ्जन कर लिनु उचित नहुने उनको भनाइ थियो । जनतालाई कर तिर्न समस्या नभएको तर कर तिरेबापत सरकारले देखिने गरेर केही दिन नसक्दा सरकारप्रति विरोधका स्वर सुनिएको सांसद केसीले बताए । 'कर लिएर जनतालाई हामीले के दियौं भन्ने विषय हो । यस्तो भावना दबिने गरेर जनतासँगै प्रदेश सरकार छ भन्ने अनुभूति गराउन सकौं,' उनले थपे, 'आगामी आर्थिक वर्षभित्र सरकारी कार्यालयमा सेवा लिन जाँदा जनताले बिचौलियालाई पैसा तिर्नुपर्ने सामान्य समस्या हटाऔं ।'

सरकारले करको दायरा बढाउने नाममा अहिलेसम्म कर नलगाइएका सबै ठाउँमा कर लगाउने नीति लिएको सांसद केसीले आरोप लगाए ।

## धार्मिक उत्सव एवं चाडपर्वले राष्ट्रिय एकता सुदृढ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले हाम्रा विविधतायुक्त धार्मिक उत्सव एवं चाडपर्वले राष्ट्रिय एकतालाई सुदृढ बनाउने बताउनुभएको छ ।

इस्लाम धर्मावलम्बीको महान् पर्व बकर इद (इद उल अजहा) पर्व, २०८० को अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधताले भरिपूर्ण रहेको बताउनुभएको छ । उहाँले सन्देशमा भन्नुभएको छ, "हाम्रो देश संविधानतः धर्मनिरपेक्ष राष्ट्र घोषणा भएको सन्दर्भमा यस्ता धार्मिक उत्सव एवं चाडपर्वले विविध सांस्कृतिक पहिचान बोकेका समुदायबीच आपसी सद्भाव, सहिष्णुता र ऐक्यबद्धताको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने छ ।" यो संयमता, धैर्यता, विश्व शान्ति र भाइचाराको सन्देश दिने चाड भएको बताउँदै सन्देशमा एकापसमा खुसी, सद्भाव तथा शुभकामना आदानप्रदान गरी मनाइने भनिएको छ । यस पर्वले सबै नेपालीबीच आपसी सद्भाव र सहिष्णुता अभिवृद्धि गर्दै सभ्य, सुसंस्कृत र प्रगतिशील समाज निर्माणमा प्रेरणा दिने कामना गरिएको छ ।

## उत्पादनका आधारमा ७० प्रतिशत अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

कास्कीको पोखरा महानगरपालिकाले उत्पादनका आधारमा ७० प्रतिशत अनुदान कृषि क्षेत्रमा दिने भएको छ ।

महानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै उपप्रमुख मञ्जुदेवी गुरुङले आगामी आवदेखि कृषि उत्पादन सामग्री र यन्त्र उपकरण वितरण गर्दा प्राथमिकताका आधारमा लगानी परिचालन गर्न उत्पादनका आधारमा कम्तीमा ७० प्रतिशत अनुदान कृषि क्षेत्रमा वर्गीकृत भूमिलाई दिने व्यवस्था गरिने बताउनुभयो । भू-उपयोग ऐन र नियमावलीबमोजिम पोखरा महानगरपालिकाले स्थानीय भू-उपयोग परिषद्बाट कृषि र गैरकृषि क्षेत्रको वर्गीकरण गरेको छ । सिँचाइ सुविधा वृद्धि गरी उत्पादन बढाउनका लागि सिँचाइ कुलो निर्माण तथा मर्मतका लागि साना सिँचाइ कार्यक्रममा रु ५० लाख विनियोजन गरिएको छ । भिरालो पाखो जमिनमा आकाशे पानी सङ्कलन गर्न प्लास्टिक पोखरी निर्माणका लागि विशेष प्राथमिकता दिइने बजेटमा उल्लेख छ । आगामी वर्ष कृषियन्त्र उपकरण मर्मत अभियान सञ्चालन गरिने बताउँदै उपप्रमुख गुरुङले त्यसका लागि रु ३५ लाख बजेट विनियोजन गरेको बताउनुभयो । व्यावसायिक कृषि उत्पादन कार्यक्रमअन्तर्गत सुन्तला बगैँचा व्यवस्थापन अभियान, मल, बीउ, बिरुवालगायत कृषि सामग्री व्यवस्थापन, आलु उत्पादन कार्यक्रम, हिउँदे बाली अभियान, चैतेधान प्राविधिक सहयोग कार्यक्रम, माछापोखरी क्षेत्र विस्तार जस्ता कार्यक्रमका लागि रु एक करोड २४ लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । स्थानीय कृषि उत्पादनको न्यूनतम समर्थन मूल्यमा थप वस्तुको न्यूनतम मूल्य तोकी कृषकलाई प्रोत्साहन दिने उद्देश्यले समर्थन मूल्यभन्दा न्यून हुन आउने मूल्य अनुदान दिनका लागि महानगरले रु ६० लाख विनियोजन गरेको छ । स्थानीय कृषि उपजहरूको सङ्कलन गरी उपभोक्तासमक्ष पुर्‍याउन सञ्चालनमा आएको कृषि एम्बुलेन्स सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि रु १५ लाख बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो । थप स्थानमा किसान हाटबजार निर्माण, मेला, महोत्सव सहयोगलगायतका प्रवर्द्धनात्मक कार्यक्रमका लागि रु एक करोड छ लाख विनियोजन गरिएको उहाँले बताउनुभयो ।

कृषि प्रसार, संवाद, प्रविधि हस्तान्तरणअन्तर्गत आकस्मिक बाली संरक्षण, आइपिएम प्रविधि, प्राथमिक कृषि प्रविधि प्रचारजस्ता कार्यक्रमको लागि रु ४२ लाख विनियोजन गरिएको छ ।

व्यावसायिक पशुपक्षी उत्पादन कार्यक्रमअन्तर्गत बाख्रा पकेट कार्यक्रमलाई विस्तार गर्नका लागि रु १५ लाख, व्यावसायिक फार्म सुदृढीकरणका लागि रु ३० लाख, छाडा पशुपक्षी व्यवस्थापनका लागि रु ३० लाख, बाँझो जग्गामा घाँस लगाउनेलाई प्रोत्साहनवापत रु १५ लाख विनियोजन गरिएको छ । पशुपक्षी उपचारका लागि पशु सेवा केन्द्रमार्फत निःशुल्क आधारभूत औषधि वितरणका लागि रु ३३ लाख, नियमित खोप कार्यक्रम, पशु स्वास्थ्य शिविर, कृत्रिम गर्भाधान कार्यक्रमलगायत पशुतर्फका कार्यक्रममा रु दुई करोड ५० लाख बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# उत्पादनका आधारमा ७० प्रतिशत अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

कास्कीको पोखरा महानगरपालिकाले उत्पादनका आधारमा ७० प्रतिशत अनुदान कृषि क्षेत्रमा दिने भएको छ।

महानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै उपप्रमुख मञ्जुदेवी गुरुङले आगामी आवदेखि कृषि उत्पादन सामग्री र यन्त्र उपकरण वितरण गर्दा प्राथमिकताका आधारमा लगानी परिचालन गर्न उत्पादनका आधारमा कम्तीमा ७० प्रतिशत अनुदान कृषि क्षेत्रमा वर्गीकृत भूमिलाई दिने व्यवस्था गरिने बताउनुभयो।

भू-उपयोग ऐन र नियमावलीबमोजिम पोखरा महानगरपालिकाले स्थानीय भू-उपयोग परिषद्बाट कृषि र गैरकृषि क्षेत्रको वर्गीकरण गरेको छ। सिँचाइ सुविधा वृद्धि गरी उत्पादन बढाउनका लागि सिँचाइ कुलो निर्माण तथा मर्मतका लागि साना सिँचाइ कार्यक्रममा रु ५० लाख विनियोजन गरिएको छ। भिरालो पाखो जमिनमा आकाशे पानी सङ्कलन गर्न प्लास्टिक पोखरी निर्माणका लागि विशेष प्राथमिकता दिइने बजेटमा उल्लेख छ। आगामी वर्ष कृषियन्त्र उपकरण मर्मत अभियान सञ्चालन गरिने बताउँदै उपप्रमुख गुरुङले त्यसका लागि रु ३५ लाख बजेट विनियोजन गरेको बताउनुभयो। व्यावसायिक कृषि उत्पादन कार्यक्रमअन्तर्गत सुन्तला बगैँचा व्यवस्थापन अभियान, मल, बीउ, बिरुवालगायत कृषि सामग्री व्यवस्थापन, आलु उत्पादन कार्यक्रम, हिउँदे बाली अभियान, चैतेधान प्राविधिक सहयोग कार्यक्रम, माछापोखरी क्षेत्र विस्तारजस्ता कार्यक्रमका लागि रु एक करोड २४ लाख बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो। स्थानीय कृषि उत्पादनको न्यूनतम समर्थन मूल्यमा थप वस्तुको न्यूनतम मूल्य तोकी कृषकलाई प्रोत्साहन दिने उद्देश्यले समर्थन मूल्यभन्दा न्यून हुन आउने मूल्य अनुदान दिनका लागि महानगरले रु ६० लाख विनियोजन गरेको छ।

स्थानीय कृषि उपजहरूको सङ्कलन गरी उपभोक्तासमक्ष पुर्‍याउन सञ्चालनमा आएको कृषि एम्बुलेन्स सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनकालागिरु१५लाखबजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो। थप स्थानमा किसान हाटबजार निर्माण, मेला, महोत्सव सहयोगलगायतका प्रवर्द्धनात्मक कार्यक्रमका लागि रु एक करोड छ लाख विनियोजन गरिएको उहाँले बताउनुभयो। कृषि प्रसार, संवाद, प्रविधि हस्तान्तरणअन्तर्गत आकस्मिक बाली संरक्षण, आइपिएम प्रविधि, प्राथमिक कृषि प्रविधि प्रचारजस्ता कार्यक्रमको लागि रु ४२ लाख विनियोजन गरिएको छ। व्यावसायिक पशुपक्षी उत्पादन कार्यक्रमअन्तर्गत बाख्रा पकेट कार्यक्रमलाई विस्तार गर्नका लागि रु १५ लाख, व्यावसायिक फार्म सुदृढीकरणका लागि रु ३० लाख, छाडा पशुपक्षी व्यवस्थापनका लागि रु ३० लाख, बाँझो जग्गामा घाँस लगाउनेलाई प्रोत्साहनवापत रु १५ लाख विनियोजन गरिएको छ। पशुपक्षी उपचारका लागि पशु सेवा केन्द्रमार्फत निःशुल्क आधारभूत औषधि वितरणका लागि रु ३३ लाख, नियमित खोप कार्यक्रम, पशु स्वास्थ्य शिविर, कृत्रिम गर्भाधान कार्यक्रमलगायत पशुतर्फका कार्यक्रममा रु दुई करोड ५० लाख बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो।

# 'विपन्न वर्गलाई राज्यको मूलप्रवाहमा ल्याउनु पर्नेमा जोड'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

मुलुकको समृद्धिका लागि समाजका विपन्न वर्गलाई राज्यको मूलप्रवाहमा ल्याउनु पर्नेमा बुधबार यहाँ आयोजित एक कार्यक्रमका वक्ताले जोड दिएको छन्।

पोखरा महानगरपालिका वडा नं. १७ को आर्थिक सहयोग एवम् नारिशक्ती जागरण आमा समुहको व्यवस्थापनामा आयोजित अल्पसंख्यक, आदिवासी र सिमान्तकृत वर्गको लागि क्षेमता अभिबृद्धि कार्यक्रममा बोल्ने बक्ताले उक्त कुरामा जोड दिएका हुन। पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले कार्यक्रमको उद्घाटन गर्दै विभेद रहित समाज निर्माणमा सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। समाजका विपन्न वर्गको क्षेमता अभिवृद्धि गर्दै आयआर्जनसंग जोड्ने खालका विविध कार्यक्रममा पालिकाकोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै उहाँले ज्ञान र सिपलाई विकास गर्नुपर्ने आवश्यकता



व्यवहारमा उतार्न सकेमात्र तालिमले सफलता प्राप्त गर्ने बताउनुभयो। गैर सरकारी संस्था महासंघ नेपालका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले अन्पसंख्या, आदिवासी र सिमान्तकृत वर्गको हक अधिकार सुनिश्चितताका लागि तिनै तहका सरकार जिम्मेवार हुनु पर्ने आवश्यकता औल्याउनुभयो। सञ्चारकर्मी हरि बास्तोलाले प्राकृतिक श्रोतलाई जिविकोपार्जनको मुख्य आधार बनाउँदै आएको वर्गलाई उत्पादनसंग जोडेर आम्दानीको बैकल्पिक श्रोतका रुपमा औल्याउनुभयो।

कार्यक्रममा वडा सचिव मञ्जु ढुङ्गानाले सहभागिहरुलाई समाजका विपन्न वर्गको हक अधिकार, लैगिक हिंसा तथा पञ्जिकरणका विषयमा प्रशिक्षण दिनुभएको थियो।

समुहका अध्यक्ष प्यारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष राधादेवी लम्साल र सचिव पूर्णकला पोखरेल लगायतले समुहको सशक्तिकरणमा जोड दिँदै आएको जानकारी दिनुभयो। तस्वीर उपलव्ध छ।

# तीन पालिकाको बजेटबारे अन्योल

**पोखरापत्र संवाददाता**
पर्वत, १३ असार

नेपालको संविधानको धारा २३० मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम असार १० भित्र स्थानीय तहले आगामी आर्थिक वर्षका बजेट नीति तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने प्रावधान छ। तर पर्वतका तीन स्थानीय तहमा भने निर्धारित मितिमा बजेट, नीति तथा कार्यक्रम ल्याउन त परै जाओस् कहिले सार्वजनिक हुन्छ भन्ने अन्योल देखिएको छ।

जिल्लाका कुश्मा र, फलेवास नगरपालिका तथा जलजला गाउँपालिकामा जनप्रतिनिधिबीचको विवादले बजेट ल्याउन सकस परेको हो। जलजला गाउँपालिकाले आइतबार १४औँ गाउँसभा अधिवेशन आह्वान गरी नयाँ आर्थिक वर्ष २०८०/८१ बजेट वक्तव्य प्रस्तुत गर्ने कार्यक्रम थियो। अधिवेशनबाट रु ४७ करोड १० लाखको बजेट पेस गर्ने कार्यसूचीसहितको प्रस्तावको तयारी भएको थियो।

प्रदेशसभाबाट पारित स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ६ को उपदफा १ बमोजिम गणपूरक सङ्ख्या नपुगेको भन्दै अधिवेशन नै रोकियो। सतचालीस गाउँ सभासद रहेको जलजला गाउँपालिकाले बोलाएको गाउँसभामा १९ सदस्यमात्रै उपस्थित भए। गाउँपालिकामा नेकपा (एमाले) को तर्फबाट निर्वाचित २७ गाउँसभा सदस्य बैठकमा अनुपस्थित भएका कारण गणपूरक सङ्ख्या पुगेन। यही कारण दफा ६ कै उपदफा २ बमोजिम मङ्गलबारका लागि गाउँपालिकाले दोस्रो बैठकको आह्वान गरिएको भए पनि बैठक बस्न नसकेको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो।

"विषयगत शाखामा कुनै पैसा नै नराख्ने, माथिबाट आएको पैसा जति वडालाई भाग लगाएर बाँड्ने भन्ने उहाँहरूको माग छ। गाउँपालिकाबाट कार्यक्रम बनाउन पर्दैन, सबै कार्यक्रम हामी वडाबाटै बनाउँछौँ भन्ने माग उहाँहरूको छ", उहाँले भन्नुभयो, "विषयगत समितिमार्फत गाउँपालिकाले दायित्व बोक्ने हो। तर विषयगत समितिमा बजेट नै नराख्ने भन्ने यो कस्तो माग हो? भएको पैसा भाग लगाएर वडामा पठाउने हो भने कृषि, शिक्षा, स्वास्थ्यलगायतका शाखाले निरन्तररूपमा गर्दै आइरहेका कामलाई कसरी सञ्चालन गर्ने?" आवश्यक पर्ने प्राविधिक गाउँपालिकामा राखेर कामको जिम्मा गाउँपालिकालाई दिएको अवस्थामा भए जतिको बजेट वडामा पठाउन नसकिने अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो। यस्तै फलेवास नगरपालिकाको १३औँ नगरसभाबाट पारित गर्ने भनिएको नीति तथा कार्यक्रम र बजेटमा पनि विवाद भएको छ। गत आइतबार मध्याह्न १२ बजेटका लागि बोलाएको नगरसभामा एमाले र कांग्रेसबाट निर्वाचित सदस्यबीच कार्यक्रम संशोधनको विषयमा विवाद भएपछि मिति पछि तोक्ने गरी बैठक स्थगन गरिएको हो। एमाले निकट जनप्रतिनिधिले 'क्लिन फलेवास, ग्रिन फलेवास' कार्यक्रमलाई निरन्तरता दिनुपर्ने माग गरिरहँदा कांग्रेस निकट जनप्रतिनिधिले यो कार्यक्रम हटाउनुपर्ने माग गरेका छन्। महालेखाको प्रतिवेदनमा समेत यो कार्यक्रमका लागि राखिएका १२ कर्मचारी नियुक्ति अनावश्यक भएको र यसमा गरिएको लगानीले समेत उपलब्धि दिन नसकेको बताएकाले अनावश्यक कर्मचारी राखेर स्थानीय तहलाई आर्थिक भारमा पार्न नहुने कांग्रेस निकट जनप्रतिनिधि बताउँछन्।

नगरपालिकाको कार्यरत कार्यालय सहायक, सामाजिक अभियन्ता, केही कर्मचारी समान पद र तहमा रहेको भए पनि उनीहरूको तलबमान फरक-फरक रहेकाले त्यसलाई समान बनाउनुपर्ने माग कांग्रेसका जनप्रनिधिले गरिरहेको वडा नं ३ शङ्करपोखरीका वडाध्यक्ष अर्जुनबहादुर कार्कीले बताउनुभयो। फलेवास नगरपालिकाका प्रवक्ता अच्युत तिवारीले विवादको विषय समाधान गरेर नगरसभा सञ्चालन गर्ने बताउनुभयो।

सदरमुकाम समेत रहेको कुश्मा नगरपालिकाको आइतबार हुने भनिएको नगरसभा अझैसम्म सुरु हुनसकेको छैन। कुश्मामा पनि कांग्रेस र एमालेका जनप्रतिनिधिबीच कुरा मिल्न सकेको छैन। आपसी सहमति गरेर बजेट ल्याउने भनेर आइतबार, सोमबार र मङ्गलबार वार्ता तथा छलफल भए पनि सहमति हुन सकेन। मुख्यतः अहिलेको बजेटबाट विगतको बाँकी भुक्तानी गर्ने कि नगर्ने भन्नेमा बढी रस्साकस्सी भएको छलफलमा सहभागी वडा नं १२ का अध्यक्ष झलक रिमालले बताउनुभयो। "एक त माथिबाट नगरपालिकामामा आउने बजेट नै कटौती भएर आएको छ। अर्को पुरानो बजेट भुक्तानी गर्नुपर्ने अवस्था पनि छ। यो अवस्थामा वडा तहमा जाने बजेटलाई पनि केही कटौती गरेर समस्याको समाधान गर्नुपर्छ। यो वर्षको बजेट रु आठ करोड कम आएको छ", कुश्मा नगरपालिका-९ कटुवाचौपारीका वडाध्यक्ष राम शर्मा लामिछानेले भन्नुभयो, "वित्तीय समानीकरण अनुदान घटेर आएपछि नगरपालिकाले कसरी मागेको जति दिन सक्छ। बजेट कम आउँदा योजना पनि बाँकी नै रहे। यो समस्या मेयरको मात्रै नभएर हामी सबैको साझा हो। पन्ध्र-बीस प्रतिशत बजेट सबैलाई घटाउने हो भने त समस्याको समाधान भइहाल्छ।"

मोदी गाउँपालिकाले झन्डै रु ५७ करोड, महाशिलाले रु साढे ४३ करोड, बिहादी गाउँपालिकाले रु ४४ करोड र पैयुँ गाउँपालिकाले रु ४२ करोड बराबरको बजेट, नीति र कार्यक्रम ल्याइसकेका छन्।

## पत्रकार...

आवश्यकता पर्ने र महासंघले बेलाबखत विभिन्न विषयमा यस्ता तालिमको आयोजना गर्दै आएको जानकारी उनले गराएकी छिन्। पोखरा महानगरपालिकाले पत्रकार महासंघलाई अन्य संस्था जस्तो एउटै बास्केटमा राखेर हेर्न नहुने उनको तर्क छ। कार्यशालामा प्रशिक्षार्थीका तर्फबाट सुरेश रानाभाट, दिननाथ बराल र ज्योति हमालले बोलेका थिए। दुई दिनको कार्यशाला फलदायी रहेको भनाई उनीहरुको छ। नयाँ विषयका बारेमा जानकारी मिल्दा पत्रकारितामा सहज हुने विश्वास समेत प्रशिक्षार्थीले गरेका छन्। पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाको संयोजन, महिला उपाध्यक्ष जमुना वर्षा शर्माको संचालनमा सम्पन्न कार्यशालामा कास्कीका ६५ बढी पत्रकारहरुको सहभागिता थियो।

# मलेसियन गुरु आनन्दबाट ३३ लाखको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

मलेसियन गुरु आनन्दले बिकासको मुलआधार शिक्षा र स्वास्थ्य रहेकोले आफ्नो सहयोग शिक्षा र स्वास्थ्यमा निरन्तर रहीरहने बताउनुभएको छ।

गुरु आनन्दको सम्मानमा पोखरामा बुधबार आयोजित कार्यक्रममा बोल्नु हुदै गुरु आनन्दले सो कुरा बताउनुभएको हो। उहाँले सो कार्यक्रममा भवन निर्माणका लागि पुम्रुखुं बराह मा वीलाई २० लाख, रोटरी क्लब लेकसाइडलाई किड्नी डायलसिसको लागि १० लाख, तेस्रो अन्नपूर्ण म्याराथनको लागि ३ लाख रुपैया हस्तान्तरण गर्नुभयो। उहाँले नेपालको हिमाली क्षेत्रमा अदितिय सम्भावना र अलौकिक आनन्द प्राप्त गर्ने भएकाले यस क्षेत्रको बिकासको लागि आइरहने बताउनुभयो।


गुरु आनन्द ४० बर्षदेखि नेपालको अन्नपूर्ण रिजनमा आएर शिक्षा, स्वास्थ्य र बौद्ध गुम्बाहरुमा सहयोग गरिरहनु भएको छ। नेपालीहरुको सांस्कारप्रति आफु निकै प्रभावित रहेको बताउँदै नेपालको हिमाली क्षेत्रमा आएर ध्यान र योगमा नयाँ आयाम थपेको बताउनुभयो। उहाँले मानव जिवनलाई उर्जाशिल र सार्थक बनाउन योग र ध्यानको बिशेष महत्व रहेको बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेश तेक्वान्दो संघले गुरु आनन्दले सल्लाहकारमा समेत मनोनयन गरेको छ। सो अवसरमा अध्यक्ष जगन बहादुर गुरुङ, महासचिव रमेश पौडेल, कोषाध्यक्ष माइकल कर्मचार्य लगायत कार्यसमितिका सदस्यहरुले गुरु आनन्दलाई मनोनयन-पत्र हस्तान्तरण गरिएको थियो। कार्यक्रममा अध्यक्ष गुरुङले नेपालको शिक्षा, स्वास्थ्य, सँस्कृति, पर्यटन र खेल क्षेत्रमा गुरु आनन्दले गर्नुभएको सहयोग अतुलनीय रहेको बताउनुभयो। त्यसैगरी एप्सुलुट डोजाङ्का रेकमाया गुरुङले तेक्वान्दोका विभिन्न विधाका खेलहरु प्रर्दशन गराउनुभएको थियो। कार्यक्रम संचालक घरना गुरुङले गुरु आनन्दले रोटरी क्लबमा मात्र नभई अन्य क्षेत्रमा समेत उहाँको योगदान थियो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईंमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# मत विभाजनबाट बजेट पारित

प्रतिनिधिसभाबाट आर्थिक वर्ष २०८०/०८१ को बजेट बहुमतबाट पारित भएको छ। बजेटप्रति असन्तुष्टि जनाउँदै आएका जनता समाजवादी पार्टी नेपाल र नेकपा एकीकृत समाजवादीले बजेटलाई समर्थन जनाएपछि बहुमतले पारित भयो । प्रतिनिधिसभामा बजेटबारे मत विभाजन गराइएको थियो । सरकारलाई समर्थन गर्ने दलहरूसँग बहुमत रहेको हुँदा पारित हुन सकेको हो। सरकारलाई समर्थन गर्नेछ दलहरू बजेटमा विपक्षमा उभिनु सरकारको समर्थन घट्दै जान थालेको संकेत हो। प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डको पक्षमा खडा भएका दलहरु बजेटको विपक्षमा मत दिनु सरकारको समर्थन घट्दै गएको प्रमाण हो। पहिलोपटक २ सय ७५ सदस्यीय प्रतिनिधिसभा उमस्थित २७० जनामध्ये विश्वासको मतको पक्षमा २ सय ६८ मत परेको थियो भने विपक्षमा २ मत परेको थियो।

प्रधानमन्त्री दाहालको सरकारलाई नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाका २ सांसदहरुले विपक्षमा मत दिएका थिए। त्यस समयमा २ सय ७० मत खसेको थियो। प्रधानमन्त्री दाहालले चैत ६ गते दोस्रो पटक संसद्बाट विश्वासको मत लिएका थिए। एमाले र राप्रपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि विश्वासको मत लिँदा त्यो संख्या घटेर १ सय ७२ खुम्चिएको थियो। त्यस समयमा विपक्षमा ८९ मत परेको थियो भने नेमकिपा तटस्थ बसेको थियो। प्रधानमन्त्री दाहाललाई कांग्रेस,माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, राष्ट्रिय जनमोर्चा लगायतले यसपटक विश्वासको मत दिएका हुन्। प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक गरी २७५ सांसद रहेकामा २६२ जना सांसद उपस्थित रहेका थिए।

मंगलबारको प्रतिनिधिसभा बैठकमा भएको विनियोजन विधेयकमाथिको एमालेले मत विभाजन मागेको थियो । बैठकमा एमालेका सचेतक महेश बर्तौलाले बजेटमाथि मत विभाजन मागेपछि सभामुख देवराज घिमिरेले प्रक्रिया सुरु गरेका थिए । बुधबार प्रतिनिधिसभामा २५५ जना उपस्थित रहेकोमा बजेटको पक्षमा १ सय ४७ र विपक्षमा १ सय ८ मत पऱ्यो । सत्तारुढ दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र सांसदले पक्षमा मतदान गरेका थिए। त्यसैगरी विपक्षमा एमाले, रास्वपा, राप्रपा, नेमकिपासहितका विपक्षमा मतदान गरेका थिए।

प्रतिनिधिसभाले पहिलो पटक मत विभाजनमार्फत बजेट अनुमोदन गरेपछि प्रक्रिया व्यक्त गर्दै प्रमुख प्रतिपक्षी दल नेता केपी शर्मा ओलीले ९९ प्रतिशत समर्थन रहेको सरकारले समर्थन घटेर ५३ प्रतिशत बनेको बताए। यथास्थितिमा बजेट पारित गरिदै भन्दैमा आएका जसपा नेकपा एस मतदान गर्न के कारणले तयार भए प्रश्न खडा भएको छासंसदमा तुरुन्तै मान्यता फेरेर काम गर्ने वातावरण बनाउनु आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस्।


# राम्दीमा पुल बन्दै

**पोखरापत्र संवाददाता**
गल्याङ, १३ असार

रामनदीधाम राम्दीमा गण्डकी प्रदेश र लुम्बिनी प्रदेश जोड्ने नमूना पुल बन्ने भएको छ। सिदार्थ राजमार्ग सडकखण्डअन्तर्गत कालीगण्डकी नदीमाथि नयाँ डिजाइनसहित मोटरेबल पुल बन्न लागेको हो।

नेपाल-भारत सुनौली नाकाबाट सिद्धार्थ राजमार्ग हुँदै स्याङ्जा, पोखरा, पर्वत, म्याग्दी, बागलुङ, लमजुङ, मुस्ताङ र मनाङ जोड्ने यो छोटो बाटो हो। पुरानो पुल २०२८ सालमा निर्माण भएको हो । हाल सञ्चालनमा रहेको उक्त पुल जीर्ण बनेपछि सरोकारवालाले नयाँ पुल बनाउन माग गर्दै आएका थिए । पुल महाशाखाले 'आर्च थ्रु' डिजाइनको मोटरेबल पुल निर्माणको जिम्मा, रेखदेख, ठेक्का सम्झौतालगायत काम गरेको छ। राम्दीमा बन्न लागेको मोटरेबल पुलको डिजाइन अमेरिका र थाइल्यान्डमा पुल निर्माणको क्षेत्रमा काम गरेका नेपालीले तयार पारेको पुल सेक्टर पोखराका प्रमुख नवराज बाँस्तोलाले बताउनुभयो।

आर्च थ्रु डिजाइनमा निर्माण हुन लागेको मोटरेबल पुलको लम्बाइ एक सय आठ मिटर र चौडाइ ११ मिटरको हुने छ। नयाँ बन्ने पुल पुरानो ट्रस ब्रिजभन्दा १५ मिटर बढी लामो र पुरानो पुलसँग जोडेर पूर्वपट्टि निर्माण हुने छ। पुल तीन वर्षमा सक्ने गरी २०७९ असार ३० गते हिम सगरमाथा प्रालि चितवनसँग ठेक्का सम्झौता भएको थियो। "डिजाइन समयमै तयार नहुँदा निर्माणमा ढिलाइ भएको हो", बाँस्तोलाले भन्नुभयो। पुल निर्माणका लागि रु २७ करोड ७१ लाखको सम्झौता भएको छ।

ट्रस ब्रिज जीर्ण हुँदा सवार ीसाधन आवगमनमा खतरा भएको गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो। अहिले पुलमा जोखिम बढेको भन्दै १५ टनभन्दा बढी क्षमता भएका सवारीसाधनलाई आवागमनमा रोक लगाइएको छ । "पुल जीर्ण हुँदा गण्डकी प्रदेशका विभिन्न जिल्लाका व्यापारीले नोक्सानी व्यहोर्नुपरेको छ", उहाँले भन्नुभयो, "राम्दीको पुल स्याङ्जाको लाइफ लाइन पनि भएकाले लामो समयको पहलपछि पुल बन्ने भएपछि आशा जगाएको छ।" गल्याङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष ध्रुव श्रेष्ठले १५ टनभन्दा बढी सामान बोकाएर ढुवानी गर्न नपाउँदा व्यापारी तथा उपभोक्ता मर्कामा परेको बताउनुभयो।

"सुनौली हुँदै आउने १५ टनभन्दा बढी मालसामान बोकेका गाडी गैँडाकोट-चितवन-पोखरा हुँदै स्याङ्जा आउनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "लामो दूरीबाट सामान ढुवानी गर्नुपर्दा स्याङ्जामा सामान महँगो पर्ने गरेको छ, धेरै सङ्घर्षपछि अब भने राहतको महसुस गरेका छौँ।" हाल सञ्चालनमा रहेको ट्रस ब्रिज २०२२ सालमा निर्माण सुरु भई २०२८ सालमा सम्पन्न भएको थियो। सो पुलको तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले उद्घाटन गर्नुभएको थियो।

# मनाङ पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

**पोखरापत्र संवाददाता**
मनाङ, १३ असार

मनाङलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ। यहाँका सबै स्थानीय तहलाई पूर्ण खोप सुनिश्चित घोषणा गरिएपछि जिल्लालाई नै पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो।

स्वास्थ्य कार्यालयले बुधबार यहाँ आयोजना गरेको कार्यक्रममा जिल्ला समन्वय उपप्रमुख सुरेन्द्र गुरुङले मनाङलाई पूर्ण खोप सुनिश्चित घोषणा गर्नुभएको हो। प्रत्येक घरघरमा पुगेर पूर्ण खोप लगाएको तथ्याङ्क सङ्कलनपश्चात् जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको स्वास्थ्य कार्यालयका प्रमुख बाबुराम आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका आठ हजार आठ सय २१ जनाको तथ्याङ्क सङ्कलन गरिएको थियो। सङ्कलित तथ्याङ्कमध्ये पाँच हजार नौजना जिल्लामा नै बसोबास गर्दै आएका छन् भने दुई सय ६३ जना वैदेशिक रोजगारीमा गएको पाइएको उहाँले बताउनुभयो। स्थानीय तहअनुसार चामे गाउँपालिकामा नौ सय ६३, नार्पाभूमि गाउँपालिकामा पाँच सय ८९, नासों गाउँपालिकामा दुई हजार एक सय आठ र मनाङ डिस्याङ गाउँपालिकामा एक हजार तीन सय ४९ गरी पाँच हजार नौजनाले पूर्ण खोप लगाएको पाइएको आचार्यले बताउनुभयो। जिल्लाका सबै स्थानीय तहका १६ महिनादेखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रमको तालिकाबमोजिम १५ महिनाभित्र पाउनुपर्ने सबै खोप पाइसकेको सुनिश्चिततासहित मनाङलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ।

# भानुभक्त प्राणी उद्यानबाट तीन वर्षसम्म स्थानीयवासीले पाएनन् मुआब्जा

**पोखरापत्र संवाददाता**
दमौली, १३ असार

तनहुँको व्यास नगरपालिका र भानु नगरपालिकाका चार वडा समेटेर निर्माण गरिएको भानुभक्त प्राणी उद्यानबाट प्रभावितहरूले अझैसम्म मुआब्जा नपाएको गुनासो गरेका छन्। प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समितिको तीन वर्षअगाडि बसेको बैठकले मुआब्जा रकम टुङ्गो लगाइसके पनि सरकारले बजेट निकासा नगरेको स्थानीयवासी प्रभावितको गुनासो छ।

जग्गाधनी समन्वय समितिका संयोजक हरिबहादुर कार्की र सङ्घर्ष समितिका संयोजक प्रकाश मल्लको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी छविलाल रिजालमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउँदै अविलम्ब मुआब्जा रकम वितरण गर्न माग गरिएको छ। भानुभक्त प्राणी उद्यानको पूर्वाधार निर्माणले तीन वर्षको अवधिमा धेरै गति लिइसके पनि सम्बन्धित घरजग्गाधनीले अहिलेसम्म मुआब्जा रकम पाउने नसकेको कार्कीले बताउनुभयो। चरणबद्ध रूपमा राज्यका सम्बन्धित निकाय वन मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलगायत राष्ट्रपति, प्रधानमन्त्रीसमक्ष पुगेरसमेत मुआब्जा रकम वितरणका लागि अनुरोध गरिएको कार्कीको भनाइ छ। उहाँले भन्नुभयो, "मुआब्जा रकम टुङ्गो लागिसकेको छ, तर बजेट नआउँदा सम्बन्धित प्रभावितले पाउन सकेका छैनन्, जग्गा किनबेच गर्न पाइँदैन, स्थानीयवासीलाई समस्या भइरहेको छ।" प्राणी उद्यानबाट मुआब्जा पाउने प्रभावितहरूको यही असार ८ गते बसेको बैठकले अविलम्ब आफूहरूको माग सम्बोधन नभए सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने सङ्घर्ष समितिका संयोजक मल्लले बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी रिजालले यसबारेमा गृह मन्त्रालयमा जानकारी गराउने बताउनुभयो। सो अवसरमा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, भानु नगरपालिकाका प्रमुख उदयराज गौली, गण्डकी प्रदेशका पूर्वमन्त्री डोवाटे विक लगायतले सरकारले यस विषयमा सोच्नुपर्ने र आफूहरू स्थानीयवासीको साथमा रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो।

उद्यानबाट प्रभावित स्थानीयवासीलाई मुआब्जा वितरणका लागि तीन वर्षअघि मुआब्जा निर्धारण समितिले मुआब्जा निर्धारण गरिसकेको थियो। बजेट अभावमा प्रभावितले मुआब्जा पाउन सकेका छैनन्। प्राणी उद्यानका लागि आवश्यक पर्ने जग्गा रोक्का हुँदा प्रभावितले बेचबिखन गर्न पाइरहेका छैनन्। वन्यजन्तुको संरक्षण गर्ने, वन्यजन्तु संरक्षणमार्फत आमोदप्रमोद प्रदान गर्ने, वन्यजन्तुको वैज्ञानिक अध्ययन अनुसन्धान गर्ने उद्देश्यसहित स्थापना गरिएको प्राणी उद्यानले जग्गा अधिग्रहणको कामलाई अगाडि बढाएको थियो। प्राणी उद्यानले व्यासका वडा नं ११ र १२ तथा भानुका वडा नं ५ र ६ का भाग समेटेको छ। प्राणी उद्यानले अधिग्रहण गर्ने जग्गा, घरटहरा, खेतबारीको मुआब्जा निर्धारण गर्ने काम सकिएको संरक्षण अधिकृत भोजराज पन्थले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यका लागि कूल रु ४६ करोड ५२ लाख एक हजार सात सय ३० बजेट आवश्यक पर्छ। प्राणी उद्यानभित्र परेका एक सय २६ जग्गाधनीको नौ सय ६१ रोपनी जग्गा अधिग्रहण गरिनेछ। त्यसका लागि रु ४३ करोड ८७ लाख नौ हजार चार सय ४३ मुआब्जा निर्धारण गरिएको छ। त्यस्तै, उद्यानभित्र परेका घरटहराका लागि रु ५८ लाख सात हजार पाँच सय ७९ र छुट भएका १६ जग्गाधनीको जग्गा अधिग्रहणका लागि रु दुई करोड छ लाख ८४ हजार सात सय सात मुआब्जा निर्धारण गरिएको छ।

प्राणी उद्यानको सिमानामा तारबार लगाउने काम भने सम्पन्न भइसकेको छ। प्राणी उद्यानको विकासका लागि गुरुयोजना बनाइएको छ। गुरुयोजनाअनुसार यहाँ दुई इलाका, चार क्षेत्र र आठ शाखा कल्पना गरिएको छ। इलाकाअन्तर्गत संरक्षण इलाका र उपयोग इलाका रहनेछन्। क्षेत्रअन्तर्गत प्रशासनिक, प्रदर्शनी, शान्ति र आध्यात्मिक तथा उद्धार र अनुसन्धान रहनेछ। शाखाअन्तर्गत ठूला शाकाहारी, शाकाहारी, पक्षी, सर्वहारी, सरीसृप, साना स्तनधारी, मांसाहारी र भालु शाखाको कल्पना गरिएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १९ स्थित अधिकारी टोल पुरुञ्चौर जेष्ठ नागरिक र आमा समूहको भवन मर्मत योजना कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : अधिकारी टोल पुरुञ्चौर जेष्ठ नागरिक र आमा समूहको भवन मर्मत योजना
ठेगानाः पोखरा-२५, कास्की
योजना सम्झौता मिति : २०८०/०१/१५ गते
योजना सम्पन्न मिति : २०८०/०३/१४ गते
योजनाको कुल लागत : रु. ५,००,०००/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००/-
उपभोक्ता समिति अध्यक्षः विष्णुप्रसाद अधिकारी
सम्पर्क नं.: ९८५७०१०५३७
उपभोक्ता समिति सदस्य : ७ जना महिलाः ३ पुरुषः ४ जना

**अधिकारी टोल पुरुञ्चौर जेष्ठ नागरिक र आमा समूहको भवन मर्मत योजना उपभोक्ता समिति पोखरां - १९**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं १६ स्थित महेन्द्रगुफा अर्मलाकोट सडक खण्डको सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम : महेन्द्रगुफा अर्मलाकोट सडक खण्डको सडक निर्माण
ठेगानाः पोखरा-१६, कास्की, महेन्द्रगुफा, अर्मलाकोट
योजना सम्झौता मिति : २०८०/०२/२१ गते
योजना सुरु हुने मिति : २०८०/०२/२२ गते
योजना सम्पन्न मिति : २०८०/०३/१० गते
योजनाको कुल लागत : रु.१३,६३,२४८.३२/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : १२,२६,२८४/-
जनसहभागिताबाट : रु.१३६२५३.७८/-
कुल लागतः १३,६२,५३७.७८/-
उपभोक्ता समिति अध्यक्षः नर सोभा गुरुङ
मो. ९८४६०६६५१५

**महेन्द्रगुफा अर्मलाकोट सडक खण्डको सडक निर्माण पोखरा-१६, कास्की**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं १३ स्थित श्री जनकल्याण समितिको भवन क्षति तथा खोला नियन्त्रण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम : श्री जनकल्याण समितिको भवन क्षति तथा खोला नियन्त्रण
ठेगानाः पोखरा-१३, सिद्धको स्थान, कास्की
योजना सुरु हुने मिति : २०८०/०२/१० गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/०९ गते
योजनाको कुल लागत : रु.८,०८,२४१/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : ८,००,०००/-
उपभोक्ता समिति अध्यक्षः देवराज बराल
मो. ९८५६ ०२७०३४
उपभोक्ता समिति सदस्यः १४ जना, महिलाः ३ जना
प्राविधिक सहयोगः पो.म.न.पा. वडा नं.१३ वडा कार्यालय

**श्री जनकल्याण समिति पोखरा-१३, सिद्धको स्थान, कास्की**


# जोखिमपूर्ण सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
बेनी, १३ असार

म्याग्दीको मङ्गला गाउँपालिका-२ ताराखेतस्थित जोखिमपूर्ण सडकलाई ढलान गरेर स्तरोन्नति गरिएको छ। चालु आर्थिक वर्षमा गाउँपालिकाबाट विनियोजन भएको रु ५० लाख बजेटबाट ताराखेत-सल्यान-भर्जुला-हिदी सडकअन्तर्गत ताराखेतका उकालोको जोखिमपूर्ण सडक स्तरोन्नति गरिएको हो।

बेनी-बाबियाचौर सडकखण्डको ताराखेतकोको चोक नजिकैबाट उकालोमा २०५ मिटर सडक ढलान गरिएको उपभोक्ता समितिका अध्यक्ष सुसन किसानले जानकारी दिनुभयो। उहाँका अनुसार सडकमा मेसिनरी पर्खाल र नालीसमेत निर्माण गरिएको छ भने घुम्तीमा जोखिम न्यूनीकरण गर्न पर्खाल लगाइएको छ।

सडकलाई छदेखि सात मिटर फराकिलोमा ढलान गरेपछि गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि सल्यान, भर्जुला, हिदीलगायत स्थानका सर्वसाधारणलाई राहत भएको छ। यो सडक मङ्गलाको वडा नं १ र २ का गाउँबस्तीलाई गाउँपालिकासँग जोड्ने सडकको रूपमा चिनिन्छ । पहिले सडक जीर्ण हुँदा दुर्घटनासमेत हुनेगरेको ठाउँमा ढलान गरेपछि सहजरूपमा सवारीसाधन आवतजावत गर्नसक्ने भएको वडासदस्य ओमकार शेरपुञ्जाले जानकारी दिनुभयो। यो सडकखण्डबाट करिब पाँच सय घरधुरी लाभान्वित हुँदै आएका छन् । सडकखण्डको अन्य ठाउँमासमेत स्तरोन्नतीका लागि गाउँपालिकामा पहल गरिएको वडा सदस्य शेरपुञ्जाले बताउनुभयो।

# स्याङ्जाका सबै पालिकामा स्थानीय पाठ्यक्रम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ असार

स्याङ्जाका नौवटै स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गरेर पठनपाठन सुरु गराएका छन् । भिरकोट नगरपालिकाले २०७७ सालमा स्याङ्जामा पहिलो पटक स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेर पठनपाठन सुरु गरेको थियो ।

हाल भिरकोट नगरपालिका, वालिङ नगरपालिका र चापाकोट नगरपालिका तथा फेदीखोला, बिरुवा र कालीगण्डकी गाउँपालिकामा कक्षा १ देखि ८, पुतलीबजार नगरपालिकामा कक्षा १ देखि ३ सम्म पाठ्यक्रम निर्माण गरेर पठनपाठन सुरु गरिएको छ । हरिनास गाउँपालिकामा कक्षा १ देखि ८, अर्जुनचौपारीमा कक्षा १ देखि ५, आँधीखोला गाउँपालिकामा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम निर्माण गरेर पठनपाठन सुरु गरिएको छ । यी पालिकाहरूले पाठ्यपुस्तक निर्माण गर्ने तयारी गरेका छन् । गल्याङ नगरपालिकाले कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निर्माण गरेर आंशिक रूपमा पठनपाठन गराएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारले आफ्नो क्षेत्र अधिकारभित्रका आवश्यक विषयवस्तु समेटेर पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेर पठनपाठन गर्नसक्ने निर्देशिका जारी भएपछि स्थानीय तहलाई स्थानीय पाठ्यपुस्तक निर्माण गर्ने बाटो खुलेको हो । तत्कालीन स्थानीय सरकारले २०४९ सालमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेर पठनपाठन गराउने अधिकार स्थानीय तहलाई दिए पनि लागु हुन नसकेको संस्कार, संस्कृति र अनुसन्धानको क्षेत्रमा काम गरिरहेको संस्था साभ नेपालका अध्यक्ष डा तुल्सीप्रभास खनालले बताउनुभयो । स्थानीय पठ्यक्रममा स्थानीय तहरूले पालिकाभित्र रहेका विभिन्न भाषा, धर्म, संस्कार, संस्कृति, कृषि, पर्यटन, कला, वन, जडीबुटी, सम्पदा सहितका विषयवस्तु समेटेका हुन्छन् । यद्यपि स्याङ्जाका स्थानीयतहले सरोकारवाला, विज्ञहरूको सहयोगमा आवश्यकताका आधारमा पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरेका छन् । फेदीखोला गाउँपालिकाका शिक्षा शाखाप्रमुख रामचन्द्र गुरुङले मातृभूमि चिनाउने उद्देश्यसहित आफ्नो गाउँपालिकामा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेर बालबालिकालाई पठनपाठन गराइरहेको जानकारी दिनुभयो । कालीगण्डकी गाउँपालिकाका प्रमुख खिमबहादुर थापाले लक्षित समूहले मात्र नभएर ठूला कक्षाका विद्यार्थी, अभिभावक र शिक्षकले समेत स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक पढ्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "विद्यार्थीलाई जिल्लाबाहिर भ्रमण गराउन छाडेर पालिकाभित्रकै विभिन्न सम्पदाको भ्रमण गराउने गरेका छौँ, फलस्वरुप बालबालिकाले गाउँपालिकालाई राम्रोसँग बुझ्न पाएका छन् ।" स्याङ्जाका विभिन्न पालिकाहरूको समन्वन र सहकार्यमा साभ नेपालले स्थानीय पाठ्क्रम तयार गर्न र पाठ्यपुस्तक प्रकाशन गर्न सहयोग गर्दै आएको छ । 'पहिला आफ्नो माटो चिन, अनि बल्ल संसार चिन' भन्ने नाराका साथ साभ नेपालले पाठ्यक्रम लागू भएका स्याङ्जाका सबै पालिकाहरूमा काम गरिरहेको छ ।

# मौरी सहितको घार र महबाट आम्दानी

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ असार

ऋषिङ गाउँपालिका-३ सोलुङका लालकुमार गरङ्जा मगरले मौरी सहितको घार र मह बिक्रीबाट रु एघार लाख आम्दानी गर्नुभएको छ । आफूले एक वर्षको अवधिमा मौरीसहितको घारबाट रु दस लाख र मह बिक्रीबाट रु एक लाख बराबरको आम्दानी गरेको उहाँले जानकारी दिनुभयो ।

तीन वर्षअघि मौरीपालन फर्म दर्ता गरी व्यवसायमा लाग्नुभएका किसान मगरले मौरीसहितको घार रु दस हजारमा बिक्री गर्ने गरेको जानकारी दिनुभयो । यसवर्ष मह उत्पादन कार्यलाई भन्दा मौरीसहितको घार बिक्रीलाई प्राथमिकता दिइएका कारण मह उत्पादन घटेको भएको उहाँले बताउनुभयो ।

मह प्रतिमाना रु एक हजारमा बिक्री हुने गरेको छ । फार्ममै आएर मानिसले मह लैजाने गर्दा बिक्रीका लागि बजारको कुनै समस्या छैन्, किसान मगरले भन्नुभयो "आउँदा वर्षमा मह उत्पादन कार्यलाई प्राथमिकता दिने सोच बनाएको छु ।" सुरुमा रु तीन लाख खर्च गरेर सेरेना जातको मौरी पाल्न थाल्नुभएका उहाँले राम्रै आम्दानी गरी घरखर्च र बैकको किस्ता तिर्नसमेत सहज भएको बताउनुभयो । यतिबेला किसान मगरको फार्ममा एक सयका हाराहारीमा मौरीका घार छन् । मौरीपालनबाट आफू सन्तुष्ट रहेको बताउँदै उहाँले स्वदेशमै बसेर परिश्रम गर्न सक्ने हो भने पैसा कमाउन विदेशिनु पर्दैन भन्नुभयो । सदरमुकाम दमौलीमा करिब पन्ध्रवर्ष फर्निचरको शोरुम राखेर व्यापार गर्नुभएका कृषक मगर खासै उपलब्धि नभएपछि उक्त व्यवसाय छाडेर वैकल्पिक पेसाको रूपमा मौरीपालनतर्फ लाग्नुभएको हो ।

मौरीपालन व्यवसायमा काम गर्न सजिलो हुने, थोरै लगानी भए पुग्ने, शारीरिक कसरत गर्न नपर्ने र थोरै जनशक्तिले काम गर्न सकिनेजस्ता कार्यले आफू यसतर्फ आकर्षित भएर लागेको उहाँले बताउनुभयो । यसवर्ष लक्ष्यअनुसारको आम्दानी गर्न सफल भएको छु, किसान मगरले भन्नुभयो,"आगामी बर्ष अझ यस व्यवसायलाई व्यवस्थित गर्दै आम्दानीको स्रोत बढाउने योजनामा लागेको छु ।" मौरीपालन व्यवसायमा घरपरिवारले पनि साथ दिँदा काम गर्न सहज हुनाका साथै अघि बढ्न थप हौसला मिलेको उहाँले जानकारी दिनुभयो । आफूले व्यवसाय थालेको तीन वर्ष वितिसक्दा पनि कुनै पनि निकायबाट अनुदान पाउन नसकेको हुँदा किसानलाई टिकाउन स्थानीय सरकारले अनुदान कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने किसान मगरको गुनासो थियो ।

# लागुऔषध छाडेर अब सचेतनातर्फ

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ असार

चौध वर्षको उमेरमा लागुऔषध दुर्व्यसनीमा फसेका रमेश भण्डारी अहिले लागुऔषध प्रयोग गर्नु हुँदैन भन्ने जनचेतना फैलाउने अभियानमा हुनुहुन्छ । बागलुङ नगरपालिका-२ श्रीनगर टोलका उहाँ लागुऔषधमा फसेको त्यो आठवर्षे अँध्यारो यात्रालाई बिर्सेर नयाँ जीवन जिउँदै हुनुहुन्छ ।

आफूले जस्तो दुःख अरुले भोग्न नपरोस् भन्दै समाज रुपान्तरण र लागुऔषधमा फसेकालाई पुनःस्थापनातर्फ लागेको भण्डारी बताउनुहुन्छ । "नौ कक्षा पढ्दादेखि नै लागुऔषध दुर्व्यसनीमा लागे, चुरोटबाट सुरु भएको दुर्व्यसनीको यात्रा कोकिन र हिरोइनसम्म पुग्यो, सुईमार्फत लागुऔषध प्रयोगसमेत गरेँ", विगत सम्झँदै उहाँले भन्नुभयो, "लागुऔषधमा फसेको आठ वर्षसम्म पारिवारिक असन्तुलन, सामाजिक बहिस्कार र स्वास्थ्यमा धेरै समस्या आए, प्रहरीले पक्राउ गरेपछि मात्रै सुधार केन्द्रमा पुगेको थिएँ, सुधार केन्द्रमा भइरहेका क्रियाकलापबाट प्रभावित भएँ, सुधार केन्द्रबाट फर्केको छ वर्षपछि आफ्नै पहलमा पुनःस्थापना केन्द्र सञ्चालनमा ल्याए ।" लागुऔषधमा फसेका युवा परिवार र समाजमा पुनःस्थापना हुन निकै समस्या हुने गरेको भण्डारीको अनुभव छ । लागुऔषध प्रयोग गरिरहेको समयमा प्रहरीले पक्राउ गरेपछि परिवारले सुधार केन्द्रमा राखेर उहाँको उपचार गरेको हो । अहिले उनै भण्डारी जिल्लामा लागुऔषधविरुद्धको सचेतनामूलक अभियानमा प्रहरीसँगै मिलेर काम गरिरहनुभएको छ । अँध्यारो जीवनलाई उज्यालोतर्फ लैजाने प्रयास गरिरहेको उल्लेख गर्दै भण्डारीले युवालाई लागुऔषधमा फस्न नदिन प्रहरी र पुनःस्थापना केन्द्रबीचको समन्वयमा विद्यालयमा समेत सचेतनामूलक कार्यक्रम गर्दै आएको बताउनुभयो । लागुऔषधमा छोराछोरी फस्दा परिवारमा हुने समस्याका विषयमा आफैं अनुभवी रहेको भण्डारीको भनाइ छ । पुनःस्थापना केन्द्रमार्फत लागुऔषधमाफसेकालाईमनोपरामर्श गर्ने, योग तथा ध्यान गराउने र विस्तारै परिवारमा पुनःमिलन गराउँदै सामान्य जीवनयापनमा फर्काउने काम गरिरहेको उहाँले जानकारी दिनुभयो । यस्तै बागलुङ नगरपालिका-२ रुद्रेपिपलका प्रवेश बोहोरा लागुऔषधमा फसेको त्यो समयलाई आफूले कालो दिनका रूपमा स्मरण गर्नुहुन्छ । "पढाइमा अब्बल थिए, साथीको सङ्गतले चुरोटबाट कुलतमा फसे", उहाँले भन्नुभयो- "लागुऔषधका कारण जिन्दगीले नराम्रो मोड लियो । परिवार, आफन्त र समाजबाट टाढा भएँ, आफ्नै आमालाई चिन्न सकिनँ । लागुऔषधमा मजस्तै नफसुन् भनेर अहिले यो अभियानमा लागेको छु ।"

लागुऔषधमा छोरो फसेपछि समाजले हेर्ने दृष्टिकोण फरक हुने गरेको सम्झना क्षेत्रीले बताउनुभयो । आफ्नो छोराजस्तै अन्य लागुऔषधमा नफस्न विशेषगरी आमाहरू नै सचेत हुन आवश्यक रहेको उहाँको भनाइ छ । छोराको आनीबानी, साथीसङ्गीको सङ्गत र उसले गर्ने व्यवहारबाट लागुऔषधमा फसे/नफसेको छुट्याउन सहज हुने क्षेत्री बताउनुहुन्छ । "घरमा नआउने, खाना नखाने, एक्लै कोठामा सुतिरहने समस्या थियो, पछिमात्रै छोरा लागुऔषधमा फसेको कुरा पत्ता लाग्यो", उहाँले भन्नुभयो, "समाजले हेर्ने दृष्टिकोण बदलियो, छोरा अहिले लागुऔषधबाट छुटकारा पाउने अवस्थामा आइसकेको छ ।"

लागुऔषधमा फस्ने युवायुवतीको पहिलो चरणमा चुरोट नै सेवन गर्ने गरेको अनुसन्धानका क्रममा पाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी मदन केसीले बताउनुभयो । "चुरोट खाने, चुरोटले नपुगे गाँजा मिसाउने, पछि अफिम तथा लागुऔषध मिसाउने गरेको पाइन्छ", उहाँले भन्नुभयो, "हामी निरन्तर लागुऔषध सेचतनामूलक कार्यक्रम गर्दै आएका छौँ, गण्डकी प्रदेशमा नौ हजार लागुऔषध प्रयोगकर्ता रहेको तथ्याङ्क छ ।" लागुऔषधमा फसेका युवाले लागुऔषध सेवनका लागि चाहिने आवश्यक रकम जुटाउन चोरीसमेत गर्ने गरेको पाइएको छ । लागुऔषधमा फसेका युवाको शरीरमा गिर्खा देखिने, पाक्ने, कुपोषण हुने र शारीरिक तौल घट्दै जाने हुन्छ ।

# विजेता खेलाडीलाई सम्मान

**पोखरापत्र संवाददाता**
बेनी, १३ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले राष्ट्रियस्तरको अन्तरपालिका 'मेयर कप' बास्केटबल प्रतियोगिताको उपाधि जित्ने खेलाडीलाई सम्मान गरेको छ ।

काठमाडौँको कीर्तिपुर नगरपालिकाले आयोजना गरेको यु-१८ अन्तरपालिका मेयर कप पुरुष बास्केटबल प्रतियोगितामा अन्नपूर्ण गाउँपालिकाबाट सहभागी भइ विजयी भएका खेलाडीलाई मङ्गलबार बेनीमा आयोजित कार्यक्रममा रु एक लाख पाँच हजारसहित सम्मान गरेको हो । सम्मानित हुने खेलाडीमा अर्जुनविक, रनिक गर्बुजा, नुकेश जुग्जाली, केमन सेञ्चुरी, राजेन्द्र गर्बुजा, मनिष तिलिजा पुन, निश्चल फगामी, हेमन परियार, सुजन परियार, राजु परियार, सुदिप बरुवाल, जोन तिलिजा र प्रशिक्षक सुमन तिलिजा पुन तथा व्यवस्थापक बिसन राना रहेका छन् । उहाँहरूलाई गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवाकुमारी तिलिजा पुन, प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीलगायतले सम्मानपत्र, दोसल्लासहित सम्मान गर्नुभएको हो । यही असार ९ गते सम्पन्न फाइनल खेलमा आयोजक कीर्तिपुर नगरपालिकालाई पराजित गर्दै अन्नपूर्ण गाउँपालिकाले मेयर कप बास्केटबलको उपाधि जितेको थियो । विजेता खेलाडीले रु एक लाख पुरस्कारसहित ट्रफी प्राप्त गरेका थिए ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २२ कालाबाङमा खुल्ला ब्यायामशाला निर्माण गर्नको लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कालाबाङ खुल्ला ब्यायामशाला
उपभोक्ता समितिको नामः कालाबाङ खुल्ला ब्यायामशाला उपभोक्ता समिति, पोखरा-२२
योजना सुरु हुने मिति : २०८०/०२/२७ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१३ गते
योजनाको कुल लागत : रु ८,८८,८८८/८९
महानगरपालिकाबाट : रु ८,००,०००/-
जनसहभागिता : रु ८८,८८८/८९
उपभोक्ता समिति अध्यक्षः वीर बहादुर गुरुङ

**कालाबाङ खुल्ला व्यायामशाला उपभोक्ता समिति**
**पोखरा-२२, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २५ स्थित कालिका चोक, सुन्दरपुरी, म्याग्दीचोक डुवान क्षेत्र निकास नाला कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : कालिका चोक, सुन्दरपुरी, म्याग्दीचोक डुवान क्षेत्र निकास नाला
ठेगानाः पोखरा-२५, कास्की
योजना सुरु हुने मिति : २०८०/०१/०२ गते
योजना सम्पन्न मिति : २०८०/०३/११ गते
योजनाको कुल लागत : रु. ३१,७६,९१८.२३/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२७,०१,०००/-
जनसहभागिताः ४,७५,९१८.२३/-
उपभोक्ता समिति अध्यक्षः रितादेवी घर्ती
मो. ९८०४१३५२९६

**कालिका चोक, सुन्दरपुरी, म्याग्दीचोक डुवान क्षेत्र निकास नाला उपभोक्ता समिति पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षणसम्बन्धी सूचना !

**पोखरा महानगरपालिका वडा नं. ४ वडा स्तरीय योजनाअन्तर्गत ज्ञान मार्ग सडक तथा नाला मर्मत उपभोक्ता समितिले तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकार वालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।**

**योजनाको नाम : ज्ञान मार्ग सडक तथा नाला मर्मत**
**पोखरा महानगरपालिका**

| | |
|---|---|
| वडा नं. ४ बाट प्राप्त | : रु.३,००,०००।- |
| उपभोक्ताबाट | : रु.५५,०००।- |
| कुल लागत | : रु.३,५५,०००।- |
| सम्झौता मिति | : २०८०/०२/२२ गते |
| काम सुरु मिति | : २०८०/०२/२३ गते |
| योजना सम्पन्न मिति | : २०८०/०३/१२ गते |

**उपभोक्ता समिति अध्यक्ष : शान्ति श्रीस थापा (९८५६०३२८८८)**
**कोषाध्यक्ष : मानकुमार श्रेष्ठ, सदस्यहरु : पुजन श्रेष्ठ, केशवराज अधिकारी, माया ताम्राकार, इन्दिरा कोइराला**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ मा रानाभाट/भाट समाज नेपाल पार्दी विरौटा इकाइको बहुउद्धेश्यिय भवन निमार्ण गर्नका लागि निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : रानाभाट/भाट समाज नेपाल पार्दी विरौटाको भवन निर्माण
**उपभोक्ता समितिः** रानाभाट/भाट समाज नेपाल पार्दी विरौटा इकाइ, पोखरा-१७
**योजना सम्झौता मिति** : २०७९/१२/०८ गते
**योजना सुरु मिति** : २०७९/१२/०९ गते
**योजना सम्पन्न हुने मिति** : २०८०/०३/१० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/१० गते
**महानगरपालिकाबाट** : रु. २५,००,०००/-
**जनसहभागिता** : रु.२,७७,८१०/-
**जम्मा लागत** : रु. २७,७७,८१०

**डिल माया रानाभाट**
अध्यक्ष
**रानाभाट/भाट समाज नेपाल पार्दी विरौटा इकाइ**
पोखरा-१७, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १६ अर्मलाकोटमा अबस्थित अर्मलाकोट पर्यटन प्रबर्द्धन सामुदायिक होम स्टे भवनको मर्मत गर्नको लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नाम : अर्मलाकोट होमस्टे साँस्कृतिक हल मर्मत योजना
ठेगानाः पोखरा-१६, कास्की
योजना सम्झौता मिति : २०८०/०१/३१ गते
योजना सुरु हुने मिति : २०८०/०२/०१ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१२ गते
योजनाको कुल लागत : रु ५,०४,०००/-
महानगरपालिका बाट : रु ४,५४,०००/-
जनसहभागिता : रु ५०,०००/-
उपभोक्ता समिति अध्यक्ष : बबिता गुरुङ

**अर्मलाकोट पर्यटन प्रवर्द्धन सामुदायिक होम स्टे उपभोक्ता समिति पोखरा-१६**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित सार्वजनिक शौचालय फेदीपाटन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : सार्वजनिक शौचालय फेदीपाटन
ठेगानाः पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/१९ गते
योजना सुरु मिति : २०८०/०२/२० गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु.५,००,०००/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००/-
उपभोक्ता समिति अध्यक्षः मिलन पौडेल
मो. ९८४६०४२८९५

**सार्वजनिक शौचालय फेदीपाटन निर्माण उपभोक्ता समिति पोखरा-२१, कास्की**